## अनुसूची–१४

(नियम ३२ को उपनियम (१) संग सम्बन्धित)

**धितोपत्र दलाली वापत लिन सक्ने सेवा शुल्क**

१. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा विक्री कारोवारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु. ५०,०००।- सम्मको कारोवारमा | - ०.६० प्रतिशत |
| (ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.५५ प्रतिशत |
| (ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा | - ०.५० प्रतिशत |
| (घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा | - ०.४५ प्रतिशत |
| (ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.४० प्रतिशत |

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरीद बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.२० प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा | - ०.१० प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.०५ प्रतिशत |

३. माथि क्र.स. १ र २ मा उल्लेखित धितोपत्र बाहेक अन्य धितोपत्रको हकमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.३० प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको को कारोवारमा | - ०.२५ प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.२० प्रतिशत |

४. माथि क्रम संख्या १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क रु. २५।- भन्दा घटी हुने छैन।

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा धितोपत्र दलालले क्रम संख्या १, २, ३ र ४ बमोजिम प्राप्त गरेको कूल सेवा शुल्कको शून्य दशमलव छ प्रतिशत रकम नियमन शुल्कको रुपमा बोर्डमा बुझाउनु पर्नेछ।

६. धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे वापत यस अनुसूचीमा उल्लेखित सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन।

नेपाल सरकार
अर्थ मन्त्रालय